<u>**गाउँ कार्यपालिका बैठक -१**</u>

आज मिति २०८३ साउन २९ गते शुक्रबारका दिन यस कुमाख गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर बुढाथोकीज्यूको अध्यक्षता र तपसिलको उपस्थितिमा कुमाख गाउँपालिकाको केन्द्र, रागेचौरमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु उपर छलफल गरी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>**तपसिल उपस्थिति :**</u>

| सि.नं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको पद | पदाधिकारीको दस्तखत |
|---|---|---|---|
| १ | मान बहादुर वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | लाल बहादुर रावत | गाउँपालिका उपाध्यक्ष | |
| ३ | भुपाल खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | डिल्ली बहादुर राना | वडा अध्यक्ष (वडा नं. १) | |
| ५ | ईश्वरी शाही | वडा अध्यक्ष (वडा नं. २) | |
| ६ | केवल बहादुर राना | वडा अध्यक्ष (वडा नं. ३) | |
| ७ | शोभीलाल बस्नेत | वडा अध्यक्ष (वडा नं. ४) | |
| ८ | पदम बहादुर बुढामगर | वडा अध्यक्ष (वडा नं. ५) | |
| ९ | कर्ण बहादुर बि.क. | वडा अध्यक्ष (वडा नं. ६) | |
| १० | डम्बर बहादुर शाही | वडा अध्यक्ष (वडा नं. ७) | |
| ११ | पवित्रा कवर | कार्यपालिका सदस्य | |
| १२ | अनिता बुढाथोकी | कार्यपालिका सदस्य | |
| १३ | सावित्रा बि.क | कार्यपालिका सदस्य | |
| १४ | हिरा परियार | कार्यपालिका सदस्य | |
| १५ | लालविर परियार | कार्यपालिका सदस्य | |
| १६ | पठ बहादुर कामी | कार्यपालिका सदस्य | |

<u>**आमन्त्रित उपस्थिति :**</u>

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**आ.व.२०८३/०८४, मिति २०८३/०४/२९ गतेको प्रथम गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. सुस्वा परियोजना अन्तरगत शौचालय निर्माणको लागि विद्यालय छनौट सम्बन्धमा ।

२. आ.व.२०८२/०८३ को वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

३. स्थानीय तहस्तरिय भूमि समस्या सहजीकरण समिति गठन र भूमि सम्बन्धी कार्यका लागि क्षेत्र वर्गीकरण सम्बन्धमा ।

४. छुट्न गएका योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा ।

५. व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा ।

६. क्षेत्राधिकार भन्दा बाहिर गई करारोपन नगरेको स्वघोषणा सम्बन्धमा ।

७. खस आर्यमा छुट भएका थरहरुको सूचीकरणको लागि सिफारिस गर्ने सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

१. अस्पतालको लागि मोटरसाइकल तथा मासिक इन्धन व्यवस्थापन सम्बन्धमा ।

२. स्थानीय तहस्तरिय स्वयंसेवक ब्युरो गठन तथा परिचालन समितिको संयोजक तोक्ने ।

**आ.व.२०८३/०८४, मिति २०८३/०४/२९ गतेको प्रथम गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १** : मिति २०८३ असार ३० गतेको गाउँ कार्यपालिका बैठकको निर्णयअनुसार गठन गरिएको अनुगमन समितिको स्थलगत अध्ययन पश्चातको सिफारिसका आधारमा आ.व.२०८३/०८४ मा यस गाउँपालिका अन्तरगतका तपसिलका सामुदायिक माध्यामिक विद्यालयहरुलाई सुस्वा परियोजना इकाईबाट शौचालय निर्माणको लागि छनौट गरी कार्यान्वयन गर्ने ।

| क्र.सं. | वडा नं. | सामुदायिक विद्यालयको नाम | कै. |
|---|---|---|---|
| १. | १ | श्री भेरी माध्यामिक विद्यालय, टाट्के | |
| २. | २ | श्री नारायण माध्यामिक विद्यालय, रुमालगाउँ | |
| ३. | ३ | श्री भैरवी माध्यामिक विद्यालय, राम्री | |
| ४. | ४ | श्री अरनिको माध्यामिक विद्यालय, कोटनाउला | |

**निर्णय नं. २** : यस गाउँपालिकाबाट गत आर्थिक वर्ष २०८२।०८३मा कार्यान्वयन भएका वार्षिक बजेट तथा कार्यक्रमको समिक्षा गर्दै यस चालु आर्थिक वर्षमा चुस्त र नियमानुसार बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्ने साथै यस कुमाख गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा संचालन गर्ने ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | संचालन हुने मिति र समय | स्थान | कै. |
|---|---|---|---|---|
| १. | वार्षिक समिक्षा कार्यक्रम | २०८३ भाद्र ०४ गते, विहीबार | गाउँपालिका कार्यालयको सभाहल | |
| २.. | सार्वजनिक सुनुवाई कार्यक्रम | २०८३ भाद्र ०५ गते, शुक्रबार | | |

**निर्णय नं. ३** : यस गाउँपालिकामा भूमिहीन दमित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि , २०८३ को दफा ४(१) बमोजिम तपसिलको स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समिति गठन गर्ने र सबै वडा (१-७)मा अनुसूची-४ दफा ७ को उपदफा (२) संग सम्बन्धित अव्यवस्थित बसोबासीले दिने निवेदन फाराममा जग्गा रहेको स्थान निज वा निजको परिवारले आवाद कमोद गरेको जग्गाको अवस्थितिको आधारमा जग्गाको श्रेत्रफल वर्गिकरण गर्नुपर्ने भएकोले यस गाउँपालिका अन्तरगतका क्षेत्र बस्ती टोललाई तपसिलको क्षेत्रमा वर्गिकरण गर्ने ।

क. सहजिकरण समिति गठन

१. गाउँपालिका अध्यक्ष - संयोजक

२. गाउँपालिका उपाध्यक्ष - उपसंयोजक

३. सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि- सदस्य

४. पवित्रा कवर (कार्यपालिका सदस्य) - सदस्य

५. पठ बहादुर कामी (कार्यपालिका सदस्य) - सदस्य

६. प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

ख. गाउँपालिका अन्तगतका टोल बस्तीहरुलाई निम्नानुसारको क्षेत्रमा वर्गीकरण गर्ने

१. गाउँपालिकाको शहरोन्मुख क्षेत्र - चौरपानी, मौलाहाले, चिसापानी, स्यानीपिप्ली, नेटाबजार, चिनाली, घाटाचौर, शान्तिबजार क्षेत्र ।

२. गाउँपालिकाको शही क्षेत्र - नभएको

३. गाउँपालिकाको केन्द्र - रागेचौर क्षेत्र

४. गाउँपालिकाको ग्रामिण क्षेत्र - अन्य सबै टोल बस्तीहरु

**निर्णय नं. ४** : आ.व.२०८२/०८३ मा भुक्तानी हुन नसकी छुट्न गएका तपसिलका योजना तथा कार्यक्रमहरु चालु आ.व. २०८३/०८४मा भुक्तानी गर्ने ।

| क्र.सं. | कार्यक्रमको नाम | भुक्तानी गर्नुपर्ने रकम | भुक्तानी पाउने | कैफियत |
|---|---|---|---|---|
| १ | दहत्तर बहत्तर संकलनकर्ताको पारिश्रमिक | ३६८४०।- | प्रदिप चन्द | |
| २. | नियमित खोप तथा गाउँघर क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुको यातायात खर्च | १,६४,८००।- | फाइलमा संलग्न स्वास्थ्य संस्थाहरुमा कार्यरत विभिन्न स्वास्थ्यकर्मीहरु | |
| ३. | टेबुल खरिद १ वटा | १९२००।- | सिद्धि विनायक फर्निचर सप्लायर्स | |

**निर्णय नं. ५** : यस गाउँपालिकामा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सल्यानबाट व्यापारतर्फका १० लाख भन्दा कम पूँजी भएका तथा उद्योग तर्फका ३ लाख भन्दा कम पूँजी भएका व्यापार व्यवसायहरु पालिकालाई हस्तान्तरण गरेको र पालिकामा पनि छुट्टै व्यवसाय दर्ता गर्नुपर्ने र व्यवसाय कर संकलन गर्नुपर्ने भई दोहोरो पर्न गएकाले अन्य प्रकृया तथा कार्यविधि प्रदेश कानूनबमोजिम अबलम्बन गर्ने र व्यवसाय कर गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम संकलन गर्ने र प्रमाणपत्र वार्षिक रुपमा नवीकरण गर्ने व्यवस्था लागु गर्ने ।

**निर्णय नं. ६** : यस गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ र आर्थिक वर्ष २०८३/०८४ मा क्षेत्राधिकार भन्दा बाहिर गई करारोपन नगरेको स्वघोषणा गरियो ।

**निर्णय नं. ७** : राष्ट्रिय समावेशी आयोगले प्रकाशन गरेको खस आर्यको सूचीमा यस गाउँपालिका अन्तर्गतका कुनै पनि किसिमका थरहरु छुट नभएकोले उक्त व्यहोरा सहितको पत्र सम्बन्धित निकायमा लेखी पठाउने ।

**निर्णय नं. ८(१)** : यस गाउँपालिका अन्तरगत संचालनमा रहेको सहिद स्मृति अस्पताल सेराडाँडामा चिकित्सक लगायत स्वास्थ्यकर्मीहरुले प्रवाह गर्ने सेवामा सहजीकरणको लागि अस्पतालबाट भएको माग सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

**निर्णय नं. ८(२)** : यस गाउँपालिका अन्तरगत स्थानीय तहस्तरिय स्वयंसेवक ब्युरो गठन तथा परिचालनको संयोजकको रुपमा यस गाउँपालिका वडा नं ४ का वडा अध्यक्ष श्री शोभिलाल बस्नेतज्यूलाई जिम्मेवारी तोक्ने ।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**